वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ | संख्या : ८ | मितिः २०८२/०८/१९

भाग-२

# सार्वजनिक शौचालय निर्माण, सञ्चालन, सम्भार तथा व्यवस्थापन मापदण्ड, २०८२

**प्रस्तावनाः** यस नगरपालिकाबाट जारी भएको वातावरण संरक्षण ऐन, २०७७ को दफा ५९ को उपदफा (१) बमोजिम स्वच्छ, सुरक्षित र मर्यादित सरसफाइ सुविधाहरूमा समुदायका बालबालिका, जेष्ठ नागरिक, महिला, विभिन्न प्रकारको अपाङ्गता/अशक्तता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्ने सार्वजनिक शौचालयहरूको निर्माण, सम्भार तथा सञ्चालनका लागि यो मापदण्ड तर्जुमा गरिएको छ। नेपालको संविधानले नागरिकलाई प्रदत्त गरेको सरसफाइको अधिकारलाई व्यवहारमा लागू गराउन एवं मानव अधिकार, दिगो विकास र सामुदायिक कल्याणका सिद्धान्तहरूमा आधारित रही नगरपालिकाले दिगो विकास लक्ष्य नं. ६ ले निर्दिष्ट गरेको स्वच्छ खानेपानी र सरसफाइ प्रवर्द्धनको उद्देश्य हासिल गर्न वाञ्छनीय भएकाले कार्यपालिकाले यो मापदण्ड जारी गरेको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस मापदण्डको नाम सार्वजनिक शौचालय निर्माण, सञ्चालन, सम्भार तथा व्यवस्थापन मापदण्ड, २०८२ रहेको छ।

(२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा ,

क) "उपयुक्त स्थान" भन्नाले सार्वजनिक शौचालय निर्माणका लागि मानिसहरूको बढी भन्दा बढी आवतजावत र उपस्थिति हुने बजार क्षेत्र, रङ्गशाला वा खेल मैदानको छेउ, समुदायको बीच भाग, मानिसहरूको बढी सरोकार हुने सरकारी वा सार्वजनिक कार्यालयहरू, बसपार्क, हाट बजार, मेला लाग्ने ठाउँ आदिमा उपस्थित भएका मानिसहरूको पहुँचयोग्य ठाउँ भन्ने सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "तेस्रो पक्ष" भन्नाले सार्वजनिक शौचालयहरूको स्वतन्त्र अनुगमनका लागि नगरपालिकाले खटाएको संस्था, व्यक्ति वा व्यक्तिहरूको समूह भन्ने सम्झनु पर्दछ।

घ) "तोकिएको मापदण्ड" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाले निश्चित उद्देश्य पुरा गर्नका लागि यो मापदण्ड बमोजिम तोकेको मापदण्ड सम्झनु पर्दछ।

ङ) "प्रयोगकर्ता" भन्नाले सार्वजनिक शौचालयको सुविधा प्रयोग गर्ने व्यक्ति सम्झनु पर्दछ।

च) "प्रयोगकर्ता अनुकूल खानेपानी सरसफाइ र स्वच्छता (WaSH) सुविधा" भन्नाले शारीरिक रूपले असक्षम र अपाङ्गता भएका तथा बालबालिका, महिला, जेष्ठ नागरिक, अशक्त अवस्थाका व्यक्ति आदि सबैलाई प्रयोग गर्न सजिलो हुने खासस्व सुविधा भन्ने सम्झनु पर्दछ।

छ) "नगरपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिकालाई सम्झनु पर्दछ।

ज) "राजस्व" भन्नाले यो मापदण्ड बमोजिम सार्वजनिक शौचालयको सेवा शुल्क बापत तोकिएको र संकलन हुन आएको रकम, जरिवाना, सवारी साधन पार्किङ शुल्क, पसल सञ्चालनबाट हुने आम्दानी लगायत सार्वजनिक शौचालयसँग सम्बन्धित अन्य आम्दानी समेतलाई सम्झनु पर्दछ।

झ) "सरोकारवाला" भन्नाले सरकारी, गैरसरकारी कार्यालय तथा निकाय, नगरपालिका, राजनीतिक दल, विद्यालय, सहकारी, निजी क्षेत्र, कम्पनी ऐन अन्तर्गत दर्ता भएका निकायहरू, नागरिक समाज, सञ्चार क्षेत्र, उपभोक्ता समितिहरू लगायतका सरोकारवाला सम्झनु पर्दछ।

ञ) "सरसफाइ" भन्नाले मानव मलमुत्रको सुरक्षित विसर्जनका लागि सेवा र सुविधाको व्यवस्थापन, फोहोरमैला संकलन र फोहोर पानीको विसर्जन मार्फत स्वच्छता कायम गर्नु लगायत जनस्वास्थ्य प्रवर्द्धनका लागि गरिएका विभिन्न क्रियाकलापहरूको समग्र कार्य सम्झनु पर्दछ।

ट) "सार्वजनिक शौचालय" भन्नाले नगरपालिका वा कुनै निजी कम्पनी तथा संस्थाले निर्माण गरी वा गर्न लगाई सार्वजनिक प्रयोगमा ल्याएको वा सामाजिक उत्तरदायित्व अन्तर्गत कुनै संस्थाले निर्माण गरी सञ्चालनमा ल्याइएका वा व्यापारिक संस्था मल,

डिपार्टमेण्टल स्टोर, ग्रोसरी, मार्ट तथा यस प्रकारका बिक्री/प्रदर्शनी स्थलमा सार्वजनिक प्रयोगमा रहेका वा पेट्रोल पम्प, सरकारी वा बैंक/वित्तीय संस्थाका कार्यालय लगायतका सार्वजनिक संस्थाका कार्यालय भवनमा रहेका सेवाग्राही तथा सर्वसाधारणले सशुल्क वा निशुल्क रुपमा प्रयोग गर्ने गरी बनाइएका शौचालय सम्झनु पर्दछ।

ठ) "संस्थागत शौचालय" भन्नाले विद्यालय, कार्यालय, स्वास्थ्य संस्था जस्ता निकायहरूमा निर्माण गरिएका प्रयोगकर्ता अनुकूल शौचालय भन्ने सम्झनु पर्दछ।

ड) "सेवा प्रदायक" भन्नाले सार्वजनिक शौचालय सञ्चालन तथा व्यवस्थापन गर्न नगरपालिकाबाट जिम्मेवारी तोकिएको कर्मचारी वा व्यक्ति वा समिति वा संस्था वा सहकारी संस्था वा निजी क्षेत्र भन्ने सम्झनु पर्दछ।

ढ) "सम्झौता" भन्नाले नगरपालिका र सार्वजनिक शौचालय वा व्यवस्थापक बीच भएको सार्वजनिक शौचालय सञ्चालन, सम्भार तथा व्यवस्थापन सम्बन्धमा गरिएको लिखित करार वा सर्तनामा भन्ने सम्झनु पर्दछ।

ण) "शाखा" भन्नाले सार्वजनिक शौचालयको रेखदेख, सञ्चालन र व्यवस्थापन गर्ने नगरपालिकाले तोकेको इकाई वा शाखा वा महाशाखा वा विभागलाई सम्झनु पर्दछ।

## परिच्छेद- २

## उद्देश्य

३. उद्देश्य: सार्वजनिक शौचालयमा उपलब्ध हुने सेवालाई प्रभावकारी, भरपर्दो, स्वच्छ र व्यवस्थित रूपमा सञ्चालन गर्ने गराउने उद्देश्यले यो मापदण्ड तर्जुमा गरिएको हो। मापदण्डका विस्तृत उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

क) सार्वजनिक शौचालयहरूको सञ्चालन, सम्भार र व्यवस्थापनको स्पष्ट खाका तय गर्ने।

ख) विभिन्न किसिमका अपाङ्गता भएका मानिसहरू, महिला, बालबालिका, जेष्ठ नागरिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको सार्वजनिक शौचालयमा सहज पहुँच हुने व्यवस्था सुनिश्चित गर्ने।

ग) सार्वजनिक शौचालयको दैनिक व्यवस्थापनमा सुधार ल्याई सेवाको गुणस्तर कायम राख्ने।

घ) सार्वजनिक शौचालयको सञ्चालन र व्यवस्थापनमा दिगोपना ल्याउने।

ङ) नगरपालिकामा खुला दिसामुक्त अवस्थालाई कायम तथा दिगो राख्दै पूर्ण सरसफाइ उन्मुख अवस्थातर्फ अग्रसर हुने।

च) समुदायका मानिसहरूमा सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार बिकास गर्ने।

छ) फोहोरमैला तथा मानव मलमुत्रीय फोहोरको व्यवस्थापन र सम्भव भएसम्म पुन: प्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा विसर्जन गर्ने बानीको विकास गर्ने।

ज) सार्बजनिक शौचालयहरुमा रहेका सम्पत्तिहरुको संरक्षण गर्ने ।

झ) सार्बजनिक शौचालयहरुको स्वच्छता तथा सरसफाइ कायम गराउने ।

ञ) सार्बजनिक शौचालयहरुबाट गुणस्तरिय सेवा प्रदान गर्ने ।

ट) सार्बजनिक शौचालयहरु प्रयोगकर्ताहरुको सन्तुष्टि सुनिश्चित गर्ने ।

ठ) सार्बजनिक शौचालयहरुको सम्पूर्ण सुरक्षालाई सुनिश्चित गर्ने ।

## परिच्छेद- ३

## सार्वजनिक शौचालयको निर्माण, व्यवस्थापन तथा सुविधाहरूको उपलब्धता

४. सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापनः सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापनमा निम्न लिखित पक्षहरूमा ध्यान दिनुका साथै देहाय बमोजिमका सुविधाहरूको व्यवस्था गर्नु पर्नेछः

(१) संभाव्यता अध्ययन गर्नुपर्नेः सार्वजनिक शौचालय निर्माणका लागि नगरपालिकाले देहायका विषयमा संभाव्यता अध्ययन गर्नु गराउनु पर्नेछः

क) दैनिक प्रयोगकर्ताहरूको अनुमानित संख्या निर्क्यौल

ख) उपयुक्त स्थानको छनोट

ग) सार्वजनिक शौचालयको इन्जिनियरिङ नक्सा, डिजाइन सहितको नमुना

घ) लागत पूर्वानुमान

ङ) सेवा सञ्चालन र व्यवस्थापन विधि

च) प्रयोगकर्ता अनुकूल बनाउन आवश्यक पर्ने प्राविधिक पक्ष

छ) सेवाको दिगोपनाका आधारहरू ।

(२) प्रचलित कानुनले दिएको अधिकार र दायित्व भित्र रही नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका वा निर्माण हुने आफ्नो स्वामित्व वा जिम्मेवारीभित्रको सार्वजनिक शौचालयको व्यवस्थापन देहायका विधिमध्ये कुनै एक वा एक भन्दा बढी विधिको अवलम्बन गरी गर्न, गराउन सक्नेछः

क) आफ्नै स्रोत, साधन र क्षमताको प्रयोग गरी नगरपालिका आफैंले सञ्चालन र व्यवस्थापन गर्ने

ख) व्यवस्थापन करार मार्फत कुनै संस्था वा कम्पनीलाई दिने

ग) निर्माण, स्वामित्व ग्रहण, सञ्चालन र हस्तान्तरण

घ) निर्माण, सञ्चालन र हस्तान्तरण

ङ) प्रचलित कानुन बमोजिम नगरपालिकालाई उपयुक्त लागेको अन्य कुनै विधि

च) सामाजिक सामुदायिक संघ संस्था

(३) नगरपालिका अन्तर्गतका सार्वजनिक शौचालयभित्र हुनु पर्ने सुविधाहरू देहाय बमोजिमको हुनु पर्नेछ :

क) पुरुष, महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएकाहरूका लागि बेग्लाबेग्लै शौचालय

ख) प्रयोगकर्ताको संख्याका आधारमा युरिनलहरू

ग) पर्याप्त सफा पानी र साबुन पानीले हात धुने सुविधा

घ) झोला, कपडा आदि झुण्ड्याउने कीला वा ह्याङ्गर

ङ) साबुन (यथासक्य झोल साबुन) तथा ह्याण्ड स्यानिटाइजर

च) बिजुलीबाट चल्ने हात सुकाउने मेशिन वा पेपर टावल

छ) अर्ध कद देखिने ऐना

ज) बिर्को भएको तथा Trash Bag सहितको डस्ट बिन

झ) पर्याप्त भेन्टिलेसन र हावा बाहिर फ्याँक्ने पंखा (Exhaust fan)

ञ) आपत पर्दा बजाउन मिल्ने घण्टी र सबैले भेट्ने ठाउँमा त्यसको स्वीच

ट) अक्षर नचिन्नेहरूले समेत सजिलै बुझ्ने खालको सङ्केत चिह्न

ठ) महिला शौचालयमा स्यानिटरी प्याडको उपलब्धता र त्यसको विसर्जन गर्ने बिर्को भएको बेग्लै डस्टबिन

ड) इन्सिनेटर

ढ) बच्चाहरुको डाइपर फेर्ने ठाउँ

ण) नचिप्लिने भुइँ।

त) देहाय बमोजिमको प्रयोगकर्ता अनुकूल संरचना-

अ) बालबालिकाहरूका लागि उपयुक्त हुने प्यान, कमोड र युरिनल (साइजमा ध्यान दिने)

आ) शौचालय जाने बाटोदेखि नै सिंढीको छेउमा देखिने गरी ह्वील चेयर गुडाउन सकिने र्‍याम्प (Ramp) भएको

इ) अपाङ्गता भएकाहरूका लागि बेग्लै शौचालय र शौचालय भित्र ह्वीलचेयर सजिलै पुऱ्याउन र घुमाउन सकिने पर्याप्त ठाउँ

ई) ह्वीलचेयर प्रयोगकर्तालाई ह्वीलचेयरबाट कमोडसम्म सजिलै सर्नका लागि कमोड छेउमा समाउने ठाउँ (ह्याण्डल)

उ) अपाङ्गता भएका वा हात कमजोर भएकाहरूले पनि सजिलै खोल्न र बन्द गर्न सक्ने धारा (धाराको टुटी घुमाउने खालको नभई दायाँबायाँ सारेर खोल्न र बन्द गर्न मिल्ने खालको) वा सेन्सर जडान भएको धारा

ऊ) सजिलोसँग खुल्ने ढोका र बालबालिकाहरू समेतले सजिलै भेट्ने चुकुलहरू

ऋ) दृष्टिविहीनहरुलाई बाटो पहिल्याउन सजिलो हुने खालको टायल (Tactile Ground Surface Indicators-TGSI वा Tactile Paving) र अशक्तहरूका लागि शौचालय जाने बाहिरी बाटोदेखि नै समातेर हिंड्न मिल्ने रेलिङ

ए) शौचालय भित्र पर्याप्त उज्यालोको व्यवस्था

(४) नगरपालिका अन्तर्गतका सार्वजनिक शौचालय बाहिर देहाय बमोजिमका सुविधाहरु रहन सक्नेछन्

क) खुद्रा पसल, सेलुन, ब्युटी पार्लर (ऐच्छिक)

ख) स्नान कक्ष

ग) अग्नि शमन यन्त्र (Fire Extinguisher) सजिलै भेट्न सकिने ठाउँमा राख्ने

घ) शौचालय प्रयोगकर्ताहरूको सामान राख्ने सुविधा (छोटो समयका लागि)

ङ) प्राथमिक उपचारका सामग्रीहरू

च) सीसी क्यामेरा

छ) बालबच्चाको लुगा फेर्ने ठाउँ

ज) पर्याप्त उज्यालोको व्यवस्था

झ) सुझाव/उजुरी पेटिका

ञ) कुहिने र नकुहिने फोहोरका लागि बेग्लाबेग्लै डस्ट बिनको व्यवस्था

ट) लुगा धुने मेशिन

ठ) बगैचा तथा बाल उद्यान (ठाउँ भएको खण्डमा)

(५) सार्वजनिक शौचालयका सेवा प्रदायकले पालना गर्नुपर्ने सार्वजनिक शौचालयको सरसफाइ तथा सम्भार अनुसूची- १ बमोजिम गर्नु पर्नेछ।

## परिच्छेद- ४

## जनशक्ति व्यवस्थापन

५. जनशक्तिको व्यवस्था : सार्वजनिक शौचालयको सञ्चालन र व्यवस्थापन गर्ने सेवा प्रदायकसँग देहाय बमोजिमको न्यूनतम जनशक्ति हुनुपर्दछ:

क) सरसफाइ कर्मचारी- २ (शौचालय प्रयोगकर्ताहरुको गोपनीयता सुनिश्चितका लागि- महिला - १/पुरुष- १)

ख) मर्मत सम्भार कर्मचारी- १ (आंशिक)

ग) प्रशासकीय कर्मचारी- आवश्यकता अनुसार

घ) प्राविधिक कर्मचारी- (सेन्सर, प्रणाली आदि सञ्चालन गर्नका लागि)- (आवश्यकता अनुसार)

ऋ) दृष्टिविहीनहरुलाई बाटो पहिल्याउन सजिलो हुने खालको टायल (Tactile Ground Surface Indicators-TGSI वा Tactile Paving) र अशक्तहरूका लागि शौचालय जाने बाहिरी बाटोदेखि नै समातेर हिंड्न मिल्ने रेलिङ

ए) शौचालय भित्र पर्याप्त उज्यालोको व्यवस्था

(४) नगरपालिका अन्तर्गतका सार्वजनिक शौचालय बाहिर देहाय बमोजिमका सुविधाहरु रहन सक्नेछन्

क) खुद्रा पसल, सेलुन, ब्युटी पार्लर (ऐच्छिक)

ख) स्नान कक्ष

ग) अग्नि शमन यन्त्र (Fire Extinguisher) सजिलै भेट्न सकिने ठाउँमा राख्ने

घ) शौचालय प्रयोगकर्ताहरूको सामान राख्ने सुविधा (छोटो समयका लागि)

ङ) प्राथमिक उपचारका सामग्रीहरू

च) सीसी क्यामेरा

छ) बालबच्चाको लुगा फेर्ने ठाउँ

ज) पर्याप्त उज्यालोको व्यवस्था

झ) सुझाव/उजुरी पेटिका

ञ) कुहिने र नकुहिने फोहोरका लागि बेग्लाबेग्लै डस्ट बिनको व्यवस्था

ट) लुगा धुने मेशिन

ठ) बगैचा तथा बाल उद्यान (ठाउँ भएको खण्डमा)

(५) सार्वजनिक शौचालयका सेवा प्रदायकले पालना गर्नुपर्ने सार्वजनिक शौचालयको सरसफाइ तथा सम्भार अनुसूची- १ बमोजिम गर्नु पर्नेछ।

## परिच्छेद- ४
## जनशक्ति व्यवस्थापन

५. जनशक्तिको व्यवस्था : सार्वजनिक शौचालयको सञ्चालन र व्यवस्थापन गर्न सेवा प्रदायकसँग देहाय बमोजिमको न्यूनतम जनशक्ति हुनुपर्दछ:

क) सरसफाइ कर्मचारी- २ (शौचालय प्रयोगकर्ताहरुको गोपनीयता सुनिश्चितका लागि- महिला - १/पुरुष- १)

ख) मर्मत सम्भार कर्मचारी- १ (आंशिक)

ग) प्रशासकीय कर्मचारी- आवश्यकता अनुसार

घ) प्राविधिक कर्मचारी- (सेन्सर, प्रणाली आदि सञ्चालन गर्नका लागि)- (आवश्यकता अनुसार)

ङ) सुरक्षा गार्ड/बगैंचाको काम गर्ने- १ जना

६. लिखित करार गर्नुपर्ने: दफा ५ बमोजिमको जनशक्तिलाई काममा लगाउनु अघि सेवा प्रदायकले त्यस्ता कर्मचारीसँग लिखित करार गर्नु पर्दछ ।

७. पारिश्रमिक सम्बन्धी व्यवस्था: सेवा प्रदायकले कर्मचारीलाई करार सम्झौतामा तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधा उपलब्ध गराउनु पर्दछ तर पारिश्रमिक तोक्दा नेपाल सरकारले तोकेको न्यूनतम ज्यालादर भन्दा कम हुने गरी तोक्न पाइने छैन ।

८. व्यक्तिगत सुरक्षा उपकरण: सेवा प्रदायकले नियमित सरसफाइ तथा मर्मत सम्भार गर्ने कर्मचारीलाई अनुसूची- २ मा तोकिए बमोजिमको व्यक्तिगत सुरक्षा उपकरण उपलब्ध गराउनुका साथै निजहरूको पेशागत स्वास्थ्य र सुरक्षाको उचित प्रबन्ध गर्नु पर्दछ ।

## परिच्छेद- ५
## प्रविधि तथा सुविधाको उपयोग

९. प्रविधि व्यवस्थापन: वातावरण अनुकूल प्रविधि उपयोग गरेर सार्वजनिक शौचालयको सञ्चालन र व्यवस्थापन कार्य गर्दा देहाय बमोजिमका पक्षलाई उच्च प्राथमिकता दिनु पर्दछ :

क) सार्वजनिक शौचालयको नियमित र उपयुक्त सरसफाइ गर्नु पर्नेछ

ख) सार्वजनिक शौचालयलाई प्रयोगकर्ता अनुकूल बनाउनका लागि यस मापदण्डको पूर्ण पालना गर्नु पर्नेछ

ग) सार्वजनिक शौचालयको भित्री र बाहिरी वातावरण स्वच्छ बनाउने कार्यमा विशेष ध्यान दिनु पर्नेछ

घ) सार्वजनिक शौचालयमा प्रयोग हुने बिजुली (ह्याण्ड ड्रायर, Exhaust fan, बत्ती लगायत) मा यथासक्य सौर्य उर्जाको उपयोग

ङ) आकाशे पानी सङ्कलन र पानीको प्रयोग

च) धाराको टुटीमा र युरिनल सफा गर्न स्वचालित प्रणालीको (सेन्सर)को उपयोग

छ) आम्दानी तथा खर्चको हिसाबकिताब र सो को नगरपालिकालाई नियमित प्रतिवेदन

ज) दिसा, पिसाब प्रशोधन वा बायोग्यास उत्पादन गरी त्यसको उपयोग वा बिक्रीबाट कोष अभिवृद्धि

झ) प्रयोगकर्ताहरूको गोपनीयता तथा सुरक्षा

ञ) सुपथ मूल्यमा पाइने प्याड

ट) कुनै पनि प्रणालीले काम नगरेको पाइने बित्तिकै मर्मत गरिएको सुनिश्चित गर्नु पर्नेछ ।

## परिच्छेद- ६

## सरोकारवालाहरूको भूमिका र जिम्मेवारी

१०. सरोकारवालाको भूमिकाः सार्वजनिक शौचालय सञ्चालन, सम्भार, व्यवस्थापन र प्रयोगमा विभिन्न सरोकारवालाहरूको भूमिका देहाय बमोजिम हुनेछ :

(१) नगरपालिकाको भूमिका र जिम्मेवारी

क) सार्वजनिक शौचालयको सञ्चालन, सम्भार र व्यवस्थापन नगरपालिका स्वयंले गर्ने निर्णय गरेमा यस मापदण्डले सेवा प्रदायकका लागि निर्धारण गरेका नियमहरूको नगरपालिकाले पूर्ण पालना गर्ने

ख) सार्वजनिक शौचालयको सञ्चालन, सम्भार र व्यवस्थापनको जिम्मेवारी सेवा प्रदायकलाई दिने भए यस मापदण्डले तोकेको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गर्न नगरपालिकाको जिम्मेवार कर्मचारी तोक्ने

ग) गुणस्तरीय सेवा सुनिश्चित गर्न नियमित रूपमा सार्वजनिक शौचालयको अनुगमन गर्ने

घ) सार्वजनिक शौचालाय प्रयोगकर्ताहरूको लागि प्रयोग शुल्क निर्धारण गर्ने तथा सेवा प्रदायकलाई सोही अनुसार शुल्क संकलन गर्न निर्देशन दिने

ङ) अनुगमनको आधारमा सुधारका लागि आवश्यक सल्लाह सुझाव दिने तथा कार्यन्वयनका लागि पहल गर्ने

चं) सार्वजनिक शौचालयमा रहेका सम्पत्तिका सूचीहरू सेवा प्रंदायकलाई प्रदान गर्ने तथा सोको संरक्षण गर्न गराउन आवश्यक व्यवस्था गर्ने

छ) नियमित सरसफाइ तालिका बनाउने र मौज्दातमा रहेका सामग्रीहरूको सूची बनाउने

ज) सेवा प्रदायकलाई शौचालयहरू सफा गर्ने तालिका तथा नियमित रूपमा भण्डारण गर्ने सामग्रीहरूको सूचीहरू उपलब्ध गराउने।

(२) सेवा प्रदायकको भूमिका र जिम्मेवारी

क) सार्वजनिक शौचालयमा रहेका सम्पत्तिहरूको संरक्षण तथा नियमित मर्मत संभार गर्ने

ख) यस मापदण्ड मा उल्लेख गरिएको सार्वजनिक शौचालयका "प्रयोगकर्ताहरूको भूमिका र जिम्मेवारी" लाई नेपाली र भाषामा लेखेर सबैले देख्ने र बुझ्ने गरी टाँस्ने

ग) नियमित रूपमा सार्वजनिक शौचालयको स्वच्छता कायम गर्ने तथा तोकिए अनुसारको मापदण्ड बमोजिम सरसफाइ गर्ने र त्यसको रेकर्ड राख्ने

घ) स्वच्छता तथा सरसफाइ साथै सार्वजनिक शौचालय सञ्चालन गर्नलाई आवश्यक पर्ने सामग्रीहरूको अभाव नहुने गरी भण्डारण गर्ने

ङ) सार्वजनिक शौचालयका प्रयोगकर्ताहरूबाट नगरपालिकाले तोके अनुसारको शुल्क लिएर प्रयोग गर्न दिने

च) बिजुली, पानी तथा फोहोर व्यवस्थापनका मासिक शुल्कहरू नियमित रूपमा भुक्तानी गर्ने तथा यी सुविधाहरूमा कुनै प्रकारको व्यवधान नआउने गरी सञ्चालन भएको सुनिश्चित गर्ने

छ) आम्दानी तथा खर्च विवरणहरू नियमित रूपमा व्यवस्थित तरिकाले राख्ने

ज) अनुगमनमा आउने कर्मचारी तथा समुदायका व्यक्तिलाई सहयोग गर्ने

झ) अनुगमनबाट प्राप्त भएका सल्लाह सुझावहरू कार्यान्वयन गर्ने

ञ) सार्वजनिक शौचालयको सम्पत्ति तथा संरचनाहरूमा कुनै प्रकारको हानी वा क्षति हुन गएमा सो को जानकारी तुरुन्त नगरपालिकालाई गराउने

ट) सार्वजनिक शौचालय परिसरको वातावरण स्वच्छ तथा सफा राख्ने

ठ) यस मापदण्डको अनुसूची- ३ मा दिइएको सेवा तथा सर्तको पूर्ण पालना गर्ने ।

(३) सार्वजनिक शौचालय प्रयोगकर्ताहरूको भूमिका र जिम्मेवारी

क) शौचालय प्रयोग गरेपछि तोकिएको शुल्क तिर्ने

ख) प्रयोग गरिसकेपछि कमोड/प्यान/युरिनल फ्लश गर्ने वा पर्याप्त मात्रामा पानी हाल्ने

ग) जथाभावी फोहोर नगर्ने

घ) कमोड/प्यान/युरिनलमा कुनै पनि कडा वस्तु, चुरोट, खैनी, गुट्खा आदिको खोल लगायतका प्लाष्टिक आदि नफ्याँक्ने

ङ) प्रयोग गरिसकेपछि कमोडको सीट लाइनर उठाउने

च) सार्वजनिक शौचालय परिसरमा कसैलाई पनि अमर्यादित व्यवहार नगर्ने

छ) सार्वजनिक शौचालय वा शौचालय परिसरभित्र धूमपान, मद्यपान वा कुनै पनि प्रकारको लागू पदार्थ सेवन नगर्ने

ज) सार्वजनिक शौचालय र शौचालय परिसरमा रहेका धारा, ऐना, चुकुल, हुक, फूल, गमला तथा अन्य कुनै पनि सामग्री र संरचना बिगार्ने वा तोडफोड गर्ने वा खराब नियत राखी निकाल्ने, उप्काउने कार्य नगर्ने, यस्तो सामग्री टुटफुट भएको वा बिग्रेको देखेमा त्यसको जानकारी तुरुन्त सार्वजनिक शौचालयका कर्मचारीहरूलाई दिने

झ) सार्वजनिक शौचालय वा शौचालय परिसरभित्र अनावश्यक रूपमा बढी समय व्यतीत नगर्ने

ञ) सार्वजनिक शौचालयमा महिला, पुरुष वा अन्य प्रकारको प्राथमिकता छुट्याइएकोमा सोही अनुसार प्रयोग गर्ने

ट) सार्वजनिक शौचालय वा शौचालय परिसरमा रहेका अन्य प्रयोगकर्ताको गोपनीयता वा सुरक्षा वा मर्यादामा आँच आउने कुनै कार्य नगर्ने

ठ) पानी र साबुन किफायती ढङ्गले चलाउने

ड) शौचालय भित्र वा शौचालय परिसरभित्र जथाभावी नलेख्ने, शौचालय प्रयोगका लागि राखिएका संकेत, चिन्ह तथा सन्देशहरूमा केरमेट नगर्ने

ढ) शौचालय सफाइ तथा सञ्चालनमा खटिएका व्यक्तिहरूसँग सहयोगी व्यवहार गर्ने

ण) झोला वा सामान राख्ने लकर सुविधा भएको अवस्थामा बाहेक आफ्नो सामानको सुरक्षा आफैले गर्ने, लकर सुविधा भएकै खण्डमा पनि वहुमूल्य वस्तु वा सामग्री आफैंसँग लिएर जाने, प्रयोगकर्ताले विवरण नखुलेको सामग्री दावी गरेमा सार्वजनिक शौचालयका कर्मचारीहरू जवाफदेही नहुने व्यवस्था गर्ने

त) सावर्जनिक शौचालयका ढोका खोल्दा, लगाउँदा, धारा वा अन्य उपकरणहरू चलाउँदा सावधानी अपनाउने

थ) सार्वजनिक शौचालयमा प्रयोगकर्ताहरूका लागि लेखिएका नियमहरूको पूर्ण पालना गर्ने।

## परिच्छेद- ७
## सेवा शुल्क निर्धारण

११. सेवा शुल्क निर्धारण:

(१) सार्वजनिक शौचालय सुविधा प्रयोग गरे बापत लाग्ने शुल्क नगरपालिकाले निर्धारण गर्नेछ।

(२) सेवा प्रदायकले सार्वजनिक शौचालयको सेवा शुल्क दर सबैले देख्ने र बुझ्ने गरी लेखेर टाँस्नु पर्नेछ। सेवा प्रदायकले नगरपालिकाको अनुमति बेगर उपदफा (१) मा उल्लिखित सेवा शुल्क परिवर्तन गर्न पाउने छैन।

१२. कोषको व्यवस्था: सार्वजनिक शौचालयको व्यवस्थापन तथा सञ्चालन गर्न नगरपालिकाले फ्रिज नहुने खातामा शौचालयबाट आर्जित रकमको छुटै श्रेस्ता (कोष) खडा गरिराख्नु पर्नेछ। सार्वजनिक शौचालयको कोषमा देहाय बमोजिम प्राप्त रकम सम्मिलित हुनेछ :

क) सार्वजनिक शौचालय परिसरमा सवारी साधन पार्किङ गरे बापत उठेको शुल्क

ख) कपाल काट्ने, नुहाउने, लुगा धुने, स्यानिटरी प्याड बिक्री जस्ता सार्वजनिक शौचालयले उपलब्ध गराएको अतिरिक्त सुविधा प्रयोग गरे बापतको शुल्क

ग) सार्वजनिक शौचालयको परिसरमा व्यावसायिक प्रयोजन (विज्ञापन) वा चेतना अभिवृद्धिका लागि राखिएका सन्देश, पोस्टरहरू, होर्डिङ बोर्ड, डिजिटल स्क्रिनहरू आदि

घ) सार्वजनिक शौचालयले दिसाजन्य वस्तु प्रशोधन गरेर बिक्री गरेको मल वा बायोग्यास बिक्रीबाट आएको रकम

ङ) नेपाल सरकार वा अरु कुनै गैर सरकारी व्यक्तिले प्रदान गरेको रकम

च) जरिवाना वा क्षतिपूर्तिबापत उठेको रकम

छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

१३. कोषको उपयोग:

(१) दफा १२ बमोजिमको कोषको उपयोग देहाय बमोजिम हुनेछ :

क) शौचालयको सञ्चालन व्यवस्थापन।

ख) शौचालयको मर्मत संभार।

ग) शौचालयको सेवा सुबिधा थप वा निर्माण।

माथि उल्लेखित क्षेत्रमा लगानी गर्दा कोषमा मौज्दात रकमको २५ प्रतिसत रकम आपतकालिन मर्मतका लागि मौज्दात राखी अन्य क्षेत्रमा लगानी गर्नु पर्नेछ।

(२) आपतकालिन मर्मतका लागि छुट्टाएको रकम WaSH UNIT को सिफारिसमा नगर प्रमुख स्तरीय निर्णयबाट आपतकालिन अवस्थामा खर्च गर्न वाधा पर्ने छैन।

## परिच्छेद-८

## सार्वजनिक शौचालयको व्यवस्थापन, अनुगमन र निरीक्षण

१४. समितिको व्यवस्था: सार्वजनिक शौचालयको व्यवस्थापनका लागि नगरपालिकामा एक व्यवस्थापन समिति रहनेछ, समितिमा देहाय बमोजिमको पदाधिकारी रहनेछन् :

क) अध्यक्ष - नगरपालिका प्रमुख

ख) उपाध्यक्ष - नगरपालिका उप-प्रमुख

ग) सदस्य - बातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक

घ) सदस्य - सार्वजनिक शौचालय रहेको वडाका वडाध्यक्ष

ङ) सदस्य - प्रमुख प्रशासकीय अधिकृत

च) सदस्य - बातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख

छ) सदस्य सचिव - नगरपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता शाखा प्रमुख (WaSH Unit)

१५. समितिको काम, कर्तव्य र अधिकार: दफा १४ अन्तर्गत गठित व्यवस्थापन समितिले नगरपालिका क्षेत्रभित्र निर्माण भई सञ्चालन भएका सार्वजनिक शौचालयहरूको नियमित

अनुगमनका लागि अनुगमन टोली खटाउने, नगरपालिकाको WaSH हेर्ने शाखालाई निर्देशन तथा सुझावहरू दिने, प्रतिवेदन प्रमाणीकरण गर्ने लगायतका काम गर्नेछ।

१६. अनुगमन टोलीको कार्यक्षेत्रः दफा १४ अनुसार व्यवस्थापन समितिले खटाएको अनुगमन टोलीले सार्वजनिक शौचालयको सेवा, सरसफाइ तथा स्वच्छता सुनिश्चित गर्न नियमित रुपमा निरीक्षण तथा अनुगमन गर्नु पर्नेछ, अनुगमन टोलीले अनुगमनका क्रममा देहाय बमोजिमका पक्षहरूलाई विशेष ध्यान दिनु पर्नेछ-

क) सार्वजनिक शौचालयमा यस मापदण्डको दफा ४ को उपदफा (३) र (४) मा उल्लिखित सुविधाहरू भए नभएको तथा त्यस्तो सुविधा उपलब्ध गराउने संयन्त्रहरूले प्रभावकारी ढङ्गले काम गरे, नगरेको

ख) यस मापदण्डको दफा १० को उपदफा (२) मा उल्लिखित सेवा प्रदायकको भूमिका र जिम्मेवारीको पालना गरे नगरेको

ग) सेवा प्रदायकले यस मापदण्डको अनुसूची- १ मा दिइए अनुसार सार्वजनिक शौचालयको सरसफाइ तथा सम्भार गरे नगरेको

घ) अनुसूची-२ बमोजिम सार्वजनिक शौचालयको सरसफाइमा खटिने कर्मचारीहरूले यस मापदण्डको अनुसूची- २ मा उल्लेख गरिए अनुसार व्यक्तिगत सुरक्षा उपकरण प्रयोग गरे नगरेको

ङ) सेवा प्रदायकले अनुसूची- ३ मा उल्लेख भए बमोजिमको सेवा तथा सर्तहरू पालना गरे नगरेको

च) सेवा प्रदायकले राख्नु पर्ने आयव्ययको हिसाब किताब राखे नराखेको।

१७. तेस्रो पक्षबाट अनुगमनः नगरपालिकाले सार्वजनिक शौचालयको तेस्रो पक्षबाट अनुगमन समेत गराउन सक्नेछ। यस्तो खालको अनुगमन कार्य वर्षमा एक पटक गरिनु पर्दछ र अनुगमनकर्ताले यसको प्रतिवेदन नगरपालिकामा गठित सार्वजनिक शौचालय व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्दछ। समितिले उक्त प्रतिवेदनको अध्ययन गरी प्रतिवेदनमा औंल्याइएका सुझाव लगायत स्पष्ट हुन बाँकी केही भएको पाइएमा सो समेत अध्ययन गरी सेवा प्रदायकलाई निर्देशन दिन सक्नेछ।

## परिच्छेद - ९
## दण्ड, जरिवाना तथा क्षतिपूर्ति

१८. दण्ड सजाय तथा क्षतिपूर्तिः

(१) सार्वजनिक शौचालयको कुनै संरचना वा सामग्रीमा क्षति पुऱ्याउने, जथाभावी फोहोर गर्ने, प्रयोग गरेको शुल्क नतिर्ने, अमर्यादित व्यवहार गर्ने तथा यस मापदण्डको दफा १० उपदफा (३) मा उल्लेखित नियमहरूको बर्खिलाफ गर्ने प्रयोगकर्ताहरूलाई

नगरपालिकाले पहिलो पटक रु. ५०० (पाँच सय रुपैयाँ) जरिवाना गर्न सक्नेछ। यदि प्रयोगकर्ताले सार्वजनिक शौचालयको संरचना वा सामग्रीको क्षति वा हानिनोक्सानी गरेको पाइएमा सोको मर्मत सम्भार गर्न वा नयाँ संरचना बनाउन/नयाँ सामग्री जडान गर्न लाग्ने सम्पूर्ण रकम क्षतिपूर्तिबाट असुल उपर गराउनेछ।

(२) मापदण्डको दफा १० उपदफा (२) बमोजिमको सेवा प्रदायकले पुरा गर्नुपर्ने जिम्मेवारी पुरा नगरेमा शौचालय निरिक्षकले प्रथम पटक रु पांच हजारका दरले पटकै पिच्छे दोब्बर जरिवानाको प्रस्ताव गरि स्वीकृतिका लागि नगरपालिकामा पेस गर्नेछ। नगर प्रमुख स्तरीय निर्णयबाट प्रस्ताव स्वीकृत भएमा सेवा प्रदायकले जरिवाना रकम नगरपालिकामा बुझाउनु पर्नेछ, जरिवाना उपर चित्त नबुझेमा पुनरावलोकनको लागि जरिवाना प्रस्ताव भएको मितिले ३ (तीन) दिन भित्र नगर प्रमुख समक्ष निवेदन दिन सकिने छ।

(३) उपदफा (१) अनुसार गरिएको जरिवाना वा क्षतिपूर्तिबाट प्राप्त रकम सार्वजनिक शौचालयको मर्मत सम्भार कोषमा राखिनेछ।

(४) सेवा प्रदायकले सार्वजनिक शौचालयको सञ्चालन तथा व्यवस्थापनको पूर्ण वा आंशिक जिम्मेवारी आफू खुशी उप-ठेक्कामा लगाएको पाइएमा नगरपालिकाले त्यस्तो सेवा प्रदायकसँगको सम्झौता रद्द गर्न सक्नेछ।

## परिच्छेद- १०
## विविध

१९. मर्मत सम्भारः पुँजीगत प्रकृतिका खर्च नगरपालिकाले ब्यहोर्ने र सालबसाली सामान्य मर्मत सम्भार सम्बन्धी खर्च सेवा प्रदायकले व्यहोर्नु पर्नेछ।

२०. गुनासो व्यवस्थापनः सार्वजनिक शौचालय सम्बन्धी प्रयोगकर्ताको केही गुनासो वा सुझाव भएमा नगरपालिकामा राखिएको सुझाव/उजुरी पेटिकामा सुझाव/गुनासो लिखित रुपमा राख्न सक्नेछन्। नगरपालिकाको वातावरण शाखाले प्रत्येक महिना यी सुझाव/गुनासोहरू हेरेर नगरपालिकासँग सम्बन्धित भए समिति समक्ष पेस गर्नुपर्नेछ। यदि त्यस्तो गुनासो/सुझाव सेवा प्रदायकसँग सम्बन्धित भए त्यसको सम्बोधन गर्नका लागि सेवा प्रदायकलाई निर्देशन दिनु पर्नेछ।

२१. अनुगमन सम्बन्धमाः पेट्रोल पम्प, निजी संघ संस्था आदिले निर्माण गरेको सार्वजनिक शौचालयको अनुगमन यसै मापदण्डमा उल्लेखित अनुगमन समितिले गर्नेछ।

२२. नगरपालिकाको स्वामित्व हुनेः नगरपालिकाको पूर्ण लगानी तथा सहलगानी एवं नेपाल सरकार तथा प्रदेश सरकारबाट निर्माण भई हस्तान्तरण भएका सार्वजनिक शौचालयको स्वामित्व नगरपालिकाको हुनेछ।

२३. सेवाको समाप्तिः सार्वजनिक शौचालयको सेवा प्रदायकले यस मापदण्डमा उल्लेख भए अनुसार कार्य सम्पादन नगरेको पाइएमा नगरपालिकाले कुनै पनि समयमा निजसँगको सम्झौता भङ्ग गर्न सक्नेछ ।

२४. सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन गर्न अनुमति लिनु पर्नेः नगरपालिका क्षेत्रभित्र कुनै पनि संघ संस्था वा निजि क्षेत्रबाट सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन गर्न खोजेमा सो को डिजाइन ड्रोइङ र सञ्चालन तथा व्यवस्थापन बिधि प्रकृया सहितको प्रस्ताव यस मापदण्डको दफा १४ बमोजिमको समितिबाट स्वीकृत गराएर मात्र गर्नु पर्नेछ ।

अनुसूची- १
(मापदण्डको दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

**सार्वजनिक शौचालयको सरसफाइ प्रक्रिया**

१. नगरपालिकाको स्वामित्व वा जिम्मेवारीमा रहेका सार्वजनिक शौचालयहरू चौबिसै घण्टा प्रयोगका लागि खुल्ला राखु पर्दछ।

२. सरसफाइ कर्मचारीले गर्मी महिनामा बिहान ५ बज्नु अघि र जाडो महिनामा बिहान ६ बज्नु अघि नै सार्वजनिक शौचालयको पूर्ण रूपमा सरसफाइ गरिसक्नु पर्दछ।

३. सफाइ गर्दा प्रवेशद्वारमा "सरसफाइ हुँदैछ" भन्ने सूचना पाटी राख्नु पर्दछ।

४. सफाइ गर्दा उपयुक्त सामग्री प्रयोग गरी शौचालयमा रहेका धारा, सिङ्क, बेसिन, कमोड, प्यान, युरिनल तथा अन्य सबै वस्तु नियमित रूपमा सफा गर्नु पर्दछ।

५. शौचालय परिसर सफाइ गर्दा भुई, भित्ता, सिलिङ, झ्याल ढोका, बिजुलीको चिम तथा अन्य वस्तुको नियमित सफाइ गर्नुपर्दछ।

६. सरसफाइ कर्मचारीले आवश्यकता अनुसार फोहोर हुने बित्तिकै सो स्थानको सफाइ गर्नुपर्दछ।

७. सरसफाइ कर्मचारीले सफाइ सामग्री तथा वास्नादार सामग्री प्रयोग गर्दा आफू र शौचालय प्रयोगकर्ताको स्वास्थ्य प्रतिकुल नहुने गरि मात्रा मिलाइ गर्नुपर्दछ।

८. सरसफाइ कर्मचारीले आवश्यकता अनुसार संङ्केत सूचनाहरू उपयुक्त स्थानमा राखुपर्दछ।

९. कुनै प्रयोगकर्ताले पालना गर्नुपर्ने निमयको पालना नगरेमा वा शौचालय वा शौचालय परिसरमा हानी नोक्सानी पुऱ्याउने कार्य गरेमा सार्वजनिक शौचालयका कर्मचारीले तत्काल त्यस्तो कार्य रोकेर र सेवा प्रदायक वा निजले खटाएको सुपरभाइजरलाई खबर गर्नुपर्दछ।

१०. सरसफाइ कर्मचारीले शौचालय परिसरमा रहेका फूल, विरुवा तथा बगैचाको गोडमेल तथा रेखदेख गर्नुपर्दछ।

११. शौचालय परिसरमा रहेका धारा, ऐना, चुकुल, हुक तथा कुनै संरचना टुटफुट हुन गएमा सो को सूचना तत्काल सेवा प्रदायकलाई दिनु पर्दछ।

## अनुसूची-२

### (मापदण्डको दफा (८) सँग सम्बन्धित)

### व्यक्तिगत सुरक्षा उपकरण

व्यक्तिगत सुरक्षा उपकरण (PPE) काम गर्दा हुन सक्ने स्वास्थ्य जोखिमबाट बच्नका लागि प्रयोग गरिन्छ। यो सार्वजनिक शौचालय व्यवस्थापन तथा सरसफाइमा प्रत्यक्ष रूपमा काम गर्ने व्यक्तिका लागि अपरिहार्य छ। सार्वजनिक शौचालयमा हानिकारक रोगका कीटाणुहरू र अन्य प्रदूषकहरू हुन सक्छन्। त्यसैले मापदण्ड बमोजिमको PPE ले यस्ता हानिकारक पदार्थहरूको जोखिमलाई कम गर्न मद्दत गर्छ। यस अन्तर्गत देहाय बमोजिमका सामग्रीहरू पर्दछन् :

१. सुरक्षा एप्रोन: सफाइकर्मी/कामदारलाई दिसाजन्य वस्तुको प्रत्यक्ष सम्पर्कबाट बच्न टिकाऊ, बलियो तथा पुरा शरीर ढाक्ने एप्रोन लगाउनु पर्नेछ। शरीरको कुनै पनि अङ्ग हानिकारक पदार्थको सम्पर्कमा नआओस् भनेर यस्तो एप्रोनले हात र खुट्टा सहित सम्पूर्ण शरीर ढाक्नुपर्छ।

२. पन्जा: सार्वजनिक शौचालय सफा गर्ने सफाइकर्मीहरू/कामदारहरूले हातमा नाइट्राइल वा रबरका पन्जाहरू लगाउनु पर्छ। पन्जाले फोहोर र हानिकारक वस्तुसँग हातको प्रत्यक्ष सम्पर्क हुन दिंदैन।

३. गम्बुट: खुट्टालाई फोहोर वा दूषित वस्तु जस्ता हानिकारक पदार्थ र तत्वहरूबाट जोगाउन घुँडासम्म आउने रबरको गम्बुट लगाउनु पर्छ।

४. मास्क: स्वास प्रश्वासका माध्यमबाट गन्ध र दिसाजन्य वस्तु नाकमुखमा नपरोस् भन्नका लागि सर्जिकल मास्क लगाउनु पर्छ। यस्तो मास्क पुन: प्रयोग गर्नु हुँदैन।

५. साबुन र ह्यान्ड स्यानिटाइजर : सार्वजनिक शौचालय व्यवस्थापनमा खटिने व्यक्तिले व्यक्तिगत सुरक्षा उपकरण प्रयोग गर्नु अघि र पछि, साथै औजारहरू सफा गरेपछि साबुन पानीले मिचीमिची हात धुनु पर्छ र आवश्यकता अनुसार ह्याण्ड स्यानिटाइजर दल्नु पर्छ।

अनुसूची- ३

(मापदण्डको दफा १० को उपदफा (२) को ठ सँग सम्बन्धित)

## सेवा प्रदायकले पालना गर्नु पर्ने सेवाका सर्तहरू (ToR)

१. सेवा प्रदायकले ...................नगरपालिका वडा नं ...., ....................स्थित सार्वजनिक शौचालयको उचित सञ्चालन र सम्भार गर्नु पर्नेछ।

२. सेवा प्रदायकले सार्वजनिक शौचालयको निर्माण, सञ्चालन र व्यवस्थापन गर्दा यो मापदण्डको पूर्ण पालना गर्नु पर्नेछ।

३. सार्वजनिक शौचालयको सरसफाइ गर्ने सरसफाइ सामग्री तथा रसायनहरू गुणस्तरयुक्त र मानव स्वास्थ्य अनुकूल हुनु पर्नेछ।

४. सार्वजनिक शौचालयमा प्रयोगमा रहेका उपकरण तथा अन्य प्रणालीलाई सँधै चालू हालतमा राख्नु पर्नेछ।

५. सार्वजनिक शौचालयमा तोकिएको स्थानमा निर्धारित ढाँचामा मात्र विज्ञापन राख्नु पर्नेछ, प्रचलित कानुनले विज्ञापन गर्न निषेध गरिएको विषय वा नेपाल सरकार वा नगरपालिकाले निर्णय गरी विज्ञापन गर्न मनाही गरिएको कुनै पनि विषयमा विज्ञापन गर्नु हुँदैन।

६. शौचालयमा लेखिएका निर्देशन तथा सरसफाइ सम्बन्धी अन्य सन्देशहरू नेपाली भाषामा स्पष्ट रूपमा लेख्नु पर्छ।

७. सार्वजनिक शौचालय निर्माण, सञ्चालन र व्यवस्थापनको जिम्मेवारी पाएका सेवा प्रदायकले उक्त काम वा यसमध्येको कुनै आंशिक जिम्मेवारी अरु कुनै संघ, संस्था वा व्यक्तिलाई उप-ठेक्का (Sub contract) दिनु हुँदैन।

८. सेवा प्रदायकले सार्वजनिक शौचालयको भौतिक संरचना तथा त्यहाँ रहेको सम्पूर्ण चल अचल सम्पतिको संरक्षण तथा सुरक्षा गर्नु पर्नेछ।

९. सेवा प्रदायकले सार्वजनिक शौचालयको नियमित रेखदेख, सम्भार र सरसफाइ गरी सदैव प्रयोग गर्न मिल्ने बनाइराख्नु पर्नेछ र यस्तो कार्य गर्दा व्यक्तिगत स्वास्थ्य सुरक्षाका सामग्रीहरूको अनिवार्य प्रयोग गर्नु पर्नेछ।

१०. सेवा प्रदायकले सार्वजनिक शौचालय प्रयोग बापतको नगरपालिकाले तोके अनुसार शुल्कभन्दा बढी उठाउन पाउने छैन। साथै खर्च र आम्दानीको नियमित रेकर्ड राखी वडा कार्यालय मार्फत नगरपालिकामा मासिक रूपमा पेस गर्नु पर्नेछ।

११. सेवा प्रदायकले सार्वजनिक शौचालयमा प्रयोग हुने सरसफाइ सामग्रीहरूको किफायती प्रयोग गर्ने, सेवा लिने सेवाग्राहीको अभिलेख राख्ने, शौचालय वरीपरीको वातावरण स्वच्छ र हराभरा गर्ने लगायतका क्रियाकलाप गर्नु पर्नेछ।

१२. सार्वजनिक शौचालय क्षेत्र भित्र कुनै पनि अनधिकृत गतिविधि, धूमपान, मद्यपान, लागु पदार्थ सेवन गर्ने गराउने लगायतका क्रियाकलाप सञ्चालन गर्न पाईने छैन। यस्तो कार्य भएको देखेमा सेवा प्रदायकले वडा कार्यालय वा नगरपालिकामा तुरून्त जानकारी गराउनु पर्नेछ।

१३. सेवा प्रदायकले सरसफाइ सामग्री भण्डार गर्नका लागि तोकिएको स्थानको मात्र प्रयोग गर्नु पर्नेछ।

१४. सेवा प्रदायकले सार्वजनिक शौचालयको सञ्चालनमा प्रयोग भएको पानी तथा बिजुलीको शुल्क नियमित भुक्तानी गर्नु पर्नेछ।

१५. सेवा प्रदायकले शौचालय सञ्चालनका क्रममा अप्रत्यासित हानी वा नोक्सानी हुन गएमा समयमै सम्बन्धित वडा मार्फत नगरपालिकाको कार्यालयमा लिखित जानकारी गराउनु पर्नेछ।

१६. सेवा प्रदायकले शौचालयको व्यवस्थित सञ्चालन तथा मर्मत सम्बन्धी नगरपालिका तथा वडा कार्यालयहरूबाट हुने नियमित अनुगमनमा आवश्यक सहयोग गर्नु पर्नेछ।

१७. प्राकृतिक वा अन्य प्रकोपबाट शौचालयको भौतिक सम्पत्तिमा हुने हानी, नोक्सानी वा क्षति बाहेक शौचालय सेवा प्रदायकको लापरवाहीले कुनै क्षति हुन गएमा सेवा प्रदायक आफै जिम्मेवार हुनु पर्नेछ र त्यस्तो क्षति बापतको रकम निजको मासिक उपलब्ध हुने सुविधाबाट कट्टा गरि असुल उपर गरिने छ।

१८. यस अनुसूचीमा उल्लिखित सर्तहरुका अतिरिक्त नगरपालिका र सेवा प्रदायक बीच हुने सम्झौतामा उल्लेख गरिने सेवा सर्तहरु समेत सेवा प्रदायकले पालना गर्नु पर्नेछ।

आज्ञाले

लक्ष्मी प्रसाद बास्कोटा

प्रमुख प्रशासकीय अधिकृत

---

सार्वजनिक शौचालय निर्माण, सञ्चालन, सम्भार तथा व्यवस्थापन मापदण्ड, २०८२, मुल्य रू.१०।-